# विशेष साधारण सभा २०७७ को प्रतिवेदन

## एनएमबि बैंक लिमिटेड

एनएमबि भवन, बबरमहल काठमाडौं ।

# प्रतिनिधि (प्रोक्सी) फारम

NMB BANK
एनएमबि बैंक
समृद्ध नेपालको लागि

श्री सञ्चालक समिति,
एनएमबि बैंक लिमिटेड, बबरमहल, काठमाडौं ।

मितिः ....................

**विषयः प्रतिनिधि नियुक्ति गरिएको बारे ।**

**महाशय,**

_ _ _ _ _ जिल्ला _ _ _ _ _ _ _ .न.पा./गा.पा. वडा नं. __बस्ने म/हामी _ . _ _ __ _ _ _ _ ले त्यस कम्पनीको शेयरधनीको हैसियतले सम्वत् २०७७ साल आषाढ महिना २१ गते आईतबारका दिन हुने विशेष साधारण सभामा स्वयम् उपस्थित भई छलफल तथा निर्णयमा सहभागी हुन नसक्ने भएकाले उक्त सभामा मेरा/हाम्रो तर्फबाट भाग लिन/मतदान गर्नका लागि _ _ _ _ _ _ _ जिल्ला _ _ _ _ _ _ _ _ न.पा/ गा.पा. वडा नं. _ बस्ने श्री _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ लाई मेरो/हाम्रो प्रतिनिधि नियुक्त गरी पठाएको छु/पठाएका छौं ।

**प्रतिनिधि नियुक्त भएको व्यक्तिको:-**

हस्ताक्षरको नमूनाः

हितग्राही खाता नं.:

शेयरधनी परिचय/

**निवेदक,**

दस्तखत :

नाम थरः

ठेगाना :

शेयरधनी परिचय/हितग्राही खाता नं. :

शेयर संख्या :

द्रष्टब्य : यो निवेदन साधारण सभा हुनु भन्दा कम्तीमा ४८ घण्टा अगावै बैंकको रजिष्टर्ड कार्यालयमा पेश गरिसक्नु पर्नेछ । एक भन्दा बढी प्रतिनिधि (प्रोक्सी) को नाम उल्लेख गरेमा प्रतिनिधि (प्रोक्सी) फारम रद्द गरिने छ ।

---

एनएमबि बैंक लिमिटेड,
बबरमहल, काठमाडौं ।

NMB BANK
एनएमबि बैंक
समृद्ध नेपालको लागि

**विशेष साधारण सभामा उपस्थित हुन जारी गरिएको**

**प्रवेश-पत्र**

शेयरधनीको नामः .................... कूल शेयर संख्याः ....................

शेयरधनी परिचय/हितग्राही खाता (BOID) नं.: .................... शेयरधनीको सहीः ....................



कम्पनी सचिव

(द्रष्टव्यः प्रतिनिधिले सभामा भाग लिन आउंदा यो प्रवेश पत्र साथै लिई आई दिनुहुन अनुरोध गर्दछौं ।)

# एनएमबि बैंक लिमिटेडको विशेष साधारण सभा सम्बन्धी सूचना

यस बैंकको मिति २०७७।०२।३२ गते बसेको सञ्चालक समितिको ४०४ औं बैठकको निर्णयानुसार यस बैंकको विशेष साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा देहायका विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ बमोजिम सम्पूर्ण शेयरधनी महानुभावहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सम्पूर्ण शेयरधनी महानुभावहरूलाई उल्लेखित मिति, समय र स्थानमा उपस्थितिका लागि हार्दिक अनुरोध गर्दछौं ।

**१. साधारण सभा बस्ने मिति, समय र स्थान :**

मिति : २०७७ साल असार महिना २१ गते आईतबार (तद्नुसार जुलाई ५, २०२०)

स्थान : कृष्णटावर, नयाँ बानेश्वर, काठमाडौं ।

समय : बिहान ११:०० बजे

**२. छलफलका विषयहरू :**

**(क)विशेष प्रस्तावहरू :**

१. एनएमबि बैंक लिमिटेडले कञ्चन डेभलपमेन्ट बैंक लिमिटेडलाई प्राप्ति गर्ने सम्बन्धमा संचालक समितिको तर्फबाट प्रस्तुत प्रतिवेदन पारित गर्ने तथा एनएमबि बैंक लिमिटेडले कञ्चन डेभलपमेन्ट बैंक लिमिटेडलाई प्राप्ति गर्नका लागि अन्तिम स्वीकृति प्रदान गर्ने,

२. एनएमबि बैंक लि. ले कञ्चन डेभलपमेन्ट बैंक लिमिटेडलाई प्राप्ति गर्ने सम्बन्धमा सम्पत्ति तथा दायित्वको मुल्यांकन गर्नका लागि भएको मुल्यांकनकर्ताको नियूक्ति, मुल्यांकनकर्ताबाट प्राप्त मुल्यांकन प्रतिवेदन, प्राप्ति गर्ने सम्बन्धमा भएको प्रारम्भिक सम्झौता तथा प्राप्ति सम्बन्धी अन्तिम सम्झौतापत्रलाई अनुमोदन गर्ने,

३. एनएमबि बैंक लि. ले कञ्चन डेभलपमेन्ट बैंक लिमिटेडलाई प्राप्ति गर्ने प्रयोजनको लागि मुल्यांकनकर्ता श्री देव एसोसिएट्स, चार्टर्ड एकाउन्टेन्टस्बाट प्राप्त लक्षित संस्थाको सम्पत्ति र दायित्वको मूल्यांकन प्रतिवेदन तथा अन्य सम्वद्ध व्यवस्थाको आधारमा निर्धारण गरिएको शेयर मुल्य अनुपात (Share Swap Ratio) – कञ्चन डेभलपमेन्ट बैंकका शेयरधनीहरूलाई कञ्चन डेभलपमेन्ट बैंक लि. को प्रत्येक १०० कित्ता शेयर बराबर एनएमबि बैंक लि. को ८५ कित्ता शेयर प्रदान गर्ने (१००: ८५) लाई स्वीकृति प्रदान गर्ने,

४. प्राप्तिको कार्य सम्पन्न भए पश्चात प्राप्ति सम्बन्धी सम्झौतापत्रमा उल्लेख भए बमोजिम बैंकको वर्तमान जारी तथा चुक्ता पुँजी बृद्धि हुने हुँदा सोही बमोजिम बैंकको प्रबन्धपत्रको दफा ६(ख) र ६(ग) संशोधन गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने,

५. एनएमबि बैंक लि. ले कञ्चन डेभलपमेन्ट बैंक लिमिटेडलाई प्राप्ति गर्ने सम्बन्धमा भएको अन्तिम सम्झौतापत्रमा नियमनकारी निकायबाट कुनै संशोधनको लागि सुझाव वा निर्देशन प्राप्त भएमा सो बमोजिम संशोधन वा थपघट गर्नका लागि संचालक समितिलाई अख्तियारी प्रदान गर्ने,

६. बैंकको प्रबन्धपत्रमा भएको संशोधनको स्वीकृति लिंदा वा अभिलेख गर्दा गराउंदा केही सामान्य हेरफेर गर्न, संशोधन सम्बन्धी कागजात प्रमाणित गर्न, दाखिला गर्न र अभिलेख गराई लिन तथा यस साधारण सभाको निर्णय कार्यान्वयनका लागि गर्नुपर्ने सर्म्पूण कार्यहरू गर्न समेत सञ्चालक समितिलाई अख्तियारी दिने ।

**(ख)विविध ।**

**आज्ञाले,**
**कम्पनी सचिव**

**विशेष साधारण सभा सम्बन्धमा थप जानकारीहरू :**

१) विशेष साधारण सभा प्रयोजनको लागि बैंकको शेयर दाखिल खारेजी २०७७।०३।१२ गते एक दिनका लागि बन्द रहनेछ । उक्त मिति अगावै नेपाल स्टक एक्सचेन्ज लि. मा कारोवार भई कायम भएका शेयरधनीहरूले मात्र विशेष साधारण सभामा भाग लिन र मतदान गर्न सक्नेछन् ।

२) विशेष साधारण सभा सम्बन्धी सञ्चालक समितिको प्रतिवेदन सहितका कागजातहरू हेर्न तथा प्रतिलिपि आवश्यक भएमा बैंकको केन्द्रीय कार्यालय बबरमहल, काठमाडौंमा सम्पर्क राख्न हुन अनुरोध छ । साथै, उक्त विवरणहरू बैंकको वेबसाइट www.nmbbanknepal.com.np मा पनि राखिएको छ ।

३) कोरोना भाइरस (Covid 19) का कारण हुनसक्ने संक्रमणको जोखिमलाई ध्यानमा राख्दै शेयरधनी महानुभावहरूलाई भिडियो कन्फ्रेन्सको माध्यमबाट सभामा भाग लिने व्यवस्था मिलाईएको छ । शेयरधनीहरूले विशेष साधारण सभामा भिडियो कन्फ्रेन्स मार्फत भाग लिन तथा आफ्नो मन्तब्य राख्न nmbsgm@nmb.com.np मा इमेल गरि वा बैंकको कम्पनी सचिवलाई सभा हुनु भन्दा ४८ घण्टा अघि नै जानकारी गराउनु पर्नेछ । भिडियो कन्फ्रेन्स मार्फत उपस्थित हुने शेयरधनीलाई Meeting ID/Password उपलब्ध गराई सभामा प्रशारण गर्ने व्यवस्था गरिनेछ ।

४) विशेष साधारण सभा प्रयोजनका लागि शेयरधनी उपस्थिति पुस्तिका विहान १० बजे देखि खुल्ला रहने छ । संक्रामक रोग कोरोना भाइरस (Covid 19) का कारण शेयरधनीहरूको हाजिरी तथा बस्ने व्यवस्था एक मिटरको दुरी कायम गरि मात्र गरिने तथा बैंकले व्यवस्था गरेको स्यानिटाईजरले हात सफा गरि ज्वरो नाप्ने मेसीनबाट ज्वरो नापेर मात्र शेयरधनीहरूलाई सभामा प्रवेश गराईने व्यहोरा अनुरोध छ । भाईरसको संक्रमण रोक्नका लागि मास्क, पञ्जा तथा आवश्यक सुरक्षाका उपायहरू प्रयोग गर्नका लागि शेयरधनी महानुभावहरूलाई अनुरोध गरिन्छ ।

५) साधारण सभामा भाग लिनका लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनी महानुभावहरूले प्रतिनिधिपत्र (प्रोक्सी फारम) सभा शुरु हुनु भन्दा ४८ घण्टा अगावै बैंकको केन्द्रीय कार्यालय बबरमहल, काठमाडौंमा दर्ता गराई सक्नु पर्नेछ।

६) प्रतिनिधि नियुक्त गर्दा बैंकको शेयरधनी वाहेक अन्य व्यक्तिलाई नियुक्ति गर्न सकिने छैन् ।

७) नाबालक वा बिक्षिप्त शेयरधनीहरूको हकमा बैंकको शेयरधनी दर्ता पुस्तिकामा संरक्षकको रूपमा नाम दर्ता भएको व्यक्तिले मात्र सभामा भाग लिन वा प्रतिनिधि (प्रोक्सी) तोक्न सक्नेछ । संयुक्त रूपमा शेयर लिने शेयरधनीहरूको हकमा त्यस्तो शेयरधनीहरु मध्येबाट सर्वसम्मत रूपमा मनोनित प्रतिनिधिले वा सो बमोजिम कुनै प्रतिनिधि नियुक्त नभएमा शेयरधनी दर्ता किताबमा पहिले नाम उल्लेख भएको शेयरधनीले मात्र सभामा भाग लिन पाउने छ ।

८) शेयरधनीहरूबाट उठेका प्रश्न, जिज्ञासा वा मन्तव्यहरूको सम्बन्धमा सञ्चालक समितिको तर्फबाट अध्यक्ष वा अध्यक्षबाट अनुमति प्राप्त व्यक्तिले जवाफ दिन सक्नेछन् ।

९) कुनै शेयरधनी महानुभावहरूलाई बैंकको सम्बन्धमा केहि जिज्ञासा भए त्यस्तो ब्यहोरा लिखित रूपमा सभा हुनु भन्दा कम्तीमा ७ (सात) दिन अगावै बैंकको रजिष्टर्ड कार्यालयमा पठाउनु हुन अनुरोध गर्दछौं । तर यसलाई छलफल र पारित हुने प्रस्तावको रूपमा समावेश गरिने छैन ।



# एनएमबि बैंक लिमिटेडको विशेष साधारण सभा २०७७ मा संचालक समितिबाट पेश भएको प्रतिवेदन

**आदरणीय शेयरधनी महानुभावहरू,**

यस एनएमबि बैंक लिमिटेडको विशेष साधारण सभामा उपस्थित सम्पूर्ण शेयरधनी महानुभावज्यूहरू, विभिन्न नियमनकारी निकायहरूबाट पाल्नुभएका प्रतिनिधिज्यूहरू, संस्थागत रूपमा यस सभामा प्रतिनिधित्व गर्नु हुने प्रतिनिधिज्यूहरू, पत्रकार तथा आमन्त्रित अतिथिज्यूहरू, बैंक व्यवस्थापन तथा कर्मचारीहरू लगायत सभामा उपस्थित सम्पूर्ण महानुभावहरूलाई सञ्चालक समितिको तर्फबाट हार्दिक स्वागत तथा अभिवादन व्यक्त गर्दछु ।

एनएमबि बैंक लिमिटेडले कञ्चन डेभलपमेन्ट बैंक लिमिटेडलाई प्राप्ति गर्ने सम्बन्धी महत्वपूर्ण प्रस्ताव लिएर यहाँहरू समक्ष उपस्थित भएका छौं ।

मुलुकको समग्र बैंकिङ् तथा वित्तीय प्रणालीको संबर्द्धन गरी सो प्रति सर्वसाधारणको विश्वसनीयता अभिवृद्धि गर्न, मुलुकको बैंकिङ् तथा वित्तीय प्रणालीलाई सुशासित, सुरक्षित, स्वस्थ, कुशल तथा सक्षम बनाई वित्तीय क्षेत्रको स्थायित्वको लागि निक्षेपकर्ता तथा लगानीकर्ताको हित संरक्षण गर्न, बैंकको वित्तीय, मानव संशाधन, प्राविधिक एवं अन्य क्षमता अभिवृद्धि गरी आधुनिक बैंकिङ् सुबिधा अझ प्रभावकारी ढंगले प्रदान गर्न सक्ने तुल्याउन, बैंकको शाखा सञ्जाल तथा पहुंच कम भएको क्षेत्रमा बैंकको सञ्जाल तथा व्यवसाय विस्तार गर्न तथा बैंकको पूँजीगत आधार सुदृढ गरी प्रतिस्पर्धात्मक क्षमताको विकास गर्ने उद्देश्यका साथ बैंकको चौबीऔं वार्षिक साधारण सभाले संचालक समितिलाई उपयुक्त बैंक वा वित्तीय संस्थाहरूसंग एक आपसमा गाभ्ने/गाभिने (मर्जर) तथा प्राप्ति कार्यलाई अगाडि बढाउनका लागि अख्तियारी दिने निर्णय गरे बमोजिम सुदूर पश्चिम क्षेत्रमा बलियो उपस्थिति रहको कञ्चन डेभलपमेन्ट बैंक लि. लाई प्राप्ति गर्नका लागि मिति २०७६/१०/२६ मा प्रारम्भिक समझदारीपत्रमा हस्ताक्षर भई नेपाल राष्ट्र बैंकबाट मिति २०७७/०१/२२ मा सैद्धान्तिक सहमतिको पत्र प्राप्त भएको छ । साथै, मिति २०७७/०२/२५ मा प्राप्ति सम्बन्धी कार्य सम्पन्न गर्नका लागि अन्तिम सम्झौता पत्रमा हस्ताक्षर भएकाले यहाँहरूको स्वीकृतिका लागि पेश गरेका छौं । यस प्राप्तिबाट सुदूर पश्चिम प्रदेशमा बैंकको उपस्थिति बलियो भई त्यस क्षेत्रमा बैंकको व्यवसाय विस्तार हुनेछ । साथै, यसबाट बैंकको समग्र विकासमा टेवा पुग्नेछ र भविष्यमा नेपालकै अग्रणी बैंकहरूको सूचीमा यस बैंकको निरन्तरता कायम रहि रहनेछ भन्ने विश्वास लिएका छौं ।

१. **प्राप्ति समितिको गठन :** एनएमबि बैंक लिमिटेडले कञ्चन डेभलपमेन्ट बैंक लिमिटेडलाई प्राप्ति गर्ने कार्य सम्पन्न गर्नका लागि देहाय बमोजिमको एक संयूक्त प्राप्ति समितिको गठन गरिएको छ ।

(१) श्री प्रदिप राज पाण्डे - संयोजक (एनएमबि बैंक लि. को तर्फबाट)

(२) श्री योगेन्द्र लाल प्रधान - सदस्य (एनएमबि बैंक लि. को तर्फबाट)

(३) श्री खगेश्वर बोहरा - सदस्य (कञ्चन डेभलपमेन्ट बैंक लि. को तर्फबाट)

(४) श्री हिक्मत बहादुर शाह - सदस्य (कञ्चन डेभलपमेन्ट बैंक लि. को तर्फबाट)

२. **सम्पत्ति तथा दायित्वको मुल्यांकन :** एनएमबि बैंक लिमिटेडले कञ्चन डेभलपमेन्ट बैंक लिमिटेडलाई प्राप्ति गर्ने कार्यका लागि श्री देव एसोसिएट्स, चार्टर्ड एकाउन्टेन्टसलाई सम्पत्ति तथा दायित्वको मुल्यांकनकर्ता नियूक्त गरी

निजबाट मिति २०७७ साल पौष मसान्तसम्मको विवरणहरूका आधारमा लक्षित संस्थाको Due Diligence Audit (DDA) सम्पन्न गरि सोको प्रतिवेदन मिति २०७७।०२।२० मा प्राप्त भएको छ ।

## ३. प्राप्ति सम्बन्धमा बैंकहरू बीचमा भएको सम्झौतापत्र तथा सम्पत्ति तथा दायित्व मुल्यांकन प्रतिवेदन (Due Diligence Audit) को मुख्य पक्षहरू देहाय बमोजिमका रहेका छन् ।

### (क) प्राप्त गर्ने संस्था तथा लक्षित संस्थाको नाम, ठेगाना, इजाजत पत्रको वर्ग र कार्यक्षेत्र, प्राप्ति पछि रहने नाम, ठेगाना, इजाजत पत्रको वर्ग र कार्यक्षेत्र :

(१) प्राप्त गर्ने वा लक्षित संस्थाहरूको नाम, ठेगाना, इजाजतपत्रको वर्ग र कार्य क्षेत्र देहाय बमोजिम रहेको छ ।

| | नाम | ठेगाना | वर्ग | कार्यक्षेत्र | कैफियत |
|---|---|---|---|---|---|
| प्राप्त गर्ने संस्था (एक्वायरर) | एनएमबि बैंक लिमिटेड | काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. ११, एनएमबि भवन, बबरमहल काठमाण्डौं । | "क" वर्ग | राष्ट्रिय स्तर | |
| लक्षित संस्था | कञ्चन डेभलपमेन्ट बैंक लि. | कञ्चनपुर जिल्ला भिमदत्त नगरपालिका वडा नं ४, महेन्द्रनगर । | "ख" वर्ग | कैलाली, कञ्चनपुर, डोटी, डडेलधुरा र बैतडी । | |

(२) प्राप्ति पश्चात रहने नाम, ठेगाना, इजाजत पत्रको वर्ग र कार्यक्षेत्र

| क्र.सं | बैंकको नाम | ठेगाना | वर्ग | कार्यक्षेत्र | कैफियत |
|---|---|---|---|---|---|
| १ | एनएमबि बैंक लिमिटेड | काठमाडौं जिल्ला, काठमाडौं महानगर पालिका वडा नम्बर ११, एनएमबि भवन, बबरमहल काठमाण्डौं । | "क" वर्ग | राष्ट्रिय स्तर | प्राप्त गर्ने संस्था |

### (ख) प्राप्तिको आवश्यकता र औचित्य :

लक्षित संस्थाको प्राप्तिको आवश्यकता र औचित्यता बुँदागत रूपमा देहाय बमोजिम रहेको छ ।

(१) जोखिम वहन गर्न सक्ने क्षमता अभिवृद्धिका लागि एक सवल र सक्षम संस्थाको रूपमा स्थापित भई ग्राहकहरूलाई उत्कृष्ट सेवा प्रदान गर्न ।

(२) बैंकिङ्ग प्रणालीलाई थप सुशासित, सुरक्षित, स्वस्थ, कुशल तथा सक्षम बनाई बैंकिङ्ग क्षेत्रको स्थायित्वको लागि निक्षेपकर्ताको हित संरक्षण गर्न ।

(३) पूँजीगत आधार सुदृढ गरी प्रतिस्पर्धात्मक क्षमताको विकास गर्न ।

(४) बैंकिङ्ग, मानव संशाधन, प्राविधिक तथा अन्य समग्र क्षमता अभिबृद्धि गरी सर्वसाधारणलाई आधुनिक बैंकिङ्ग सुविधा प्रदान गर्ने क्षमतामा थप विस्तार गर्न ।

(५) लगानीकर्ताहरूको हित संरक्षण गर्न ।

(६) सुदूर पश्चिम क्षेत्रमा बैंकको संजाल तथा व्यवसाय विस्तार गरि वित्तीय सेवामा सर्वसाधारणको पहुँच देशव्यापी रूपमा अभिबृद्धि गर्न ।

(७) मुलुकको समग्र बैंकिङ्ग प्रणालीको संबर्द्धन गर्न मद्धत गरी सो प्रति सर्वसाधारणको विश्वसनियतामा थप अभिबृद्धि गर्न ।



### (ग) प्राप्तिले बैंकिङ्ग तथा वित्तीय क्षेत्र र प्रणालीमा पार्ने असर :

एनएमबि बैंक लि. ले कञ्चन डेभलपमेन्ट बैंक लि. लाई प्राप्ति गरे पश्चात बैंक तथा वित्तीय संस्थाको संख्यामा कमी आई गुणात्मक बृद्धि हुनुका साथै खर्चमा कटौती, पर्याप्त पूँजीगत आधार, सर्वसाधारणको बैंकिङ्ग सेवामा पहुँच अभिबृद्धि, बैंकको सर्वसाधारणमा रहेको पहुँचमा बृद्धि साथै सुदूर पश्चिम प्रदेशमा बैंकको बलियो उपस्थिति रहनेछ । प्राप्ति पश्चात बैंकको संस्थागत सुशासन अझै बलियो भई समग्र बैकिङ्ग तथा वित्तीय प्रणालीको सम्वर्द्धन र सो प्रति सर्वसाधारणको विश्वसनीयता समेत अभिबृद्धि भई बैंकिङ्ग तथा वित्तीय क्षेत्र र प्रणालिमा सकारात्मक प्रभाव पर्नेछ । साथै, देशमा उत्पादन मुलक एवं रोजगारी मुलक भौतिक पूर्वाधारहरूमा लगानी गर्न तथा बैंकको उद्देश्य बमोजिम कृषि, पर्यटन, हाईड्रोपावरहरूमा समेत व्यापक लगानी गर्न सक्षम भई बैंकले देशको समग्र आर्थिक विकास एवं वित्तीय प्रणालीमा महत्वपूर्ण भुमिका निर्वाह गर्नेछ ।

### (घ) लगानी तथा कारोवार, गैर बैंकिङ्ग कारोबार र सम्पत्ति तथा दायित्वको व्यवस्थापन :

प्राप्ति सम्बन्धी कार्य सम्पन्न भए पश्चात हाल कायम एनएमबि बैंक लि. को कर्जा लगानी नीति, लगानी नीति, कर्जा जोखिमसंग सम्बन्धित व्यवस्थाहरू, बैंकका नियमावलीहरू, विनियमहरू, प्रोडक्ट पेपरहरू समेतको आधारमा प्राप्त गर्ने संस्थाबाट लगानी तथा कारोवार, गैर बैंकिङ्ग कारोबार र सम्पत्ति तथा दायित्वको व्यवस्थापन गरिने छ।

### (ङ) निक्षेपकर्ता सर्वसाधारण शेयरधनी र अन्य साहुहरूको हक हित संरक्षण :

(१) **निक्षेपकर्ताहरूको हक हित संरक्षण :** बैंकले निक्षेपकर्ताहरूको निक्षेपको सुरक्षा तथा हक हित संरक्षणलाई सदैव प्राथमिकतामा राखी सोको उचित व्यवस्था गर्दै आएकोमा प्राप्ति पश्चात पूँजीगत आधार सुदृढ भई बैंकिङ्ग तथा वित्तीय प्रणालीलाई सुशासित, सुरक्षित, स्वस्थ, कुशल तथा सक्षम बनाई वित्तीय क्षेत्रको स्थायित्वका लागि निक्षेपकर्ताहरूको हक हित संरक्षण गर्न बैंक प्रतिबद्ध छ । प्राप्ति पश्चात अझ सुदृढ ढंगले उच्च प्राथमिकताका साथ निक्षेपकर्ताहरूको निक्षेपको सुरक्षा, हक हित संरक्षण गर्न नेपाल राष्ट्र बैंकको निर्देशनको अधिनमा रही निक्षेप बीमा गर्ने, सर्वसाधारणको बचत निक्षेपको अंशलाई बैंकमा स्थायी लगानीको श्रोतको रूपमा अवलम्वन गर्ने र संस्थागत निक्षेपहरूलाई यस्ता बचतहरूले क्रमशः प्रतिस्थापन गर्दै लाने भावी नीति बैंकको रहने छ ।

(२) **सर्वसाधारण शेयरधनी र अन्य साहुहरूको हक हित संरक्षण :** प्राप्ति सम्बन्धी कार्य सम्पन्न भएपछि बैंकले वित्तीय, मानव संसाधन, सूचना प्रविधि एवं प्राविधिक क्षमतामा थप अभिबृद्धि गरी लगानीकर्ता एवं सर्वसाधारण शेयरधनीहरूलाई उचित प्रतिफल दिलाउँदै पूँजी संरचना अनुसार निजहरूको हकहित संरक्षण गर्न अझ सुदृढ ढंगले उच्च प्राथमिकताका साथ कार्य गरिने छ । प्राप्ति सम्बन्धी कार्य सम्पन्न भए पश्चात बैंकको शाखा सञ्जाल कम रहेको सुदुर पश्चिम क्षेत्रमा समेत बैंकको शाखा सञ्जाल तथा व्यवसायको विस्तार हुन गई सर्वसाधारणमा थप पहुँच समेत अभिबृद्धि हुनेछ । जसबाट बैंकको व्यवसायमा विस्तार हुनगई मुनाफामा समेत बृद्धि हुने हुँदा सर्वसाधारण सेयरधनीहरूलाई यसबाट प्रत्यक्ष फाईदा पुग्नेछ । साथै, बैंकको व्यवसाय, नाफा, पुँजीगत आधारमा समेत बृद्धि हुने भएकाले संस्थाका ऋणदाता साहूहरूको हक हित सुरक्षित हुनेछ ।

### (च) वित्तीय अवस्था, कर्जा तथा लगानी र कारोवारको व्यवस्थापन :

प्राप्त गर्ने तथा लक्षित संस्थाको सहभागितामा गठित संयूक्त प्राप्ति समितिले नियुक्त गरेका सम्पत्ति तथा दायित्व मुल्यांकनकर्ताले २०७६ पौष महिनाको वित्तीय विवरणको आधारमा उपलब्ध गराएको प्रतिवेदन (Due Diligence Audit Report) बमोजिम दुई वटै संस्थाहरूको वित्तीय अवस्था, कर्जा तथा लगानी र कारोबार निम्नानुसार हुने कुरामा प्राप्त गर्ने तथा लक्षित संस्था पूर्ण रूपमा सहमत भएका छौं ।

| प्रमुख वित्तीय परिसूचक Due Diligence Audit - DDA प्रतिबेदनमा उल्लेख भए बमोजिम (रकम रू. हजारमा) | | |
|---|---|---|
| **प्रमुख वित्तिय परिसूचक** | **एनएमबि बैंक लिमिटेड** | **कञ्चन डेभलोपमेन्ट बैंक लिमिटेड** |
| चुक्ता पूँजी (कित्ता) | ११५,२९७,४२० | ५,३१३,००० |
| • संस्थापक | ५८,८०१,६८४ | २,७०९,६३० |
| • सर्बसाधारण | ५६,४९५,७३६ | २,६०३,३७० |
| प्राथमिक पूँजी (रकममा) (पौष मसान्त २०७६) | २०,३९७,६२७.५५ | ७२१,१२९.१३ |
| पूँजी कोष (रकममा) (पौष मसान्त २०७६) | २३,७४८,९९४.९१ | ७७८,५३८.९१ |
| **पूँजी पर्याप्तता अनुपात** | | |
| प्राथमिक पूँजी प्रतिशत (%) | १३.७९% | १२.४६% |
| पूँजी कोष प्रतिशत (%) | १६.०५% | ११.५४% |
| जोखिम भारित सम्पति | १४७,९६८,४४४.३७ | ६,२४७,५६२.३२ |
| नेटवर्थ (जम्मा रकममा) | २१,७३९,२५५.०० | ७५३,१०९.५७ |
| नेटवर्थ प्रति शेयर | १८८.५५ | १४१.७५ |
| कुल कर्जा | ११९,९१९,०६४.२२ | ५,२१६,३२५.४८ |
| कुल निक्षेप | १२८,९५६,८११.०१ | ६,२४९,०५५.८८ |
| निष्कृय कर्जा (रकममा) | २,३४६,६७०.०७ | ४८,६६८.१८ |
| निष्कृय कर्जा अनुपातमा | १.९६% | ०.९३% |
| **कर्जा बर्गीकरण** | | |
| १ असल | ११७,५७२,३९४.१५ | ५,१६७,६५७.२९ |
| २ पुनरसंरचना वा पुनरतालिकीकरण | २२२,६८१.३९ | ०.०० |
| ३ कमसल | १,०७९,४३९.५९ | २७,२३०.९१ |
| ४ शंकास्पद | ६०९,७५९.९७ | १४,७०७.४८ |
| ५ खराब | ४३४,७८९.१२ | ६,७२९.८० |
| कर्जा नोक्सानी ब्यवस्थाको पर्याप्तता | १३१.३५ % | १४९.०० % |
| तरलता बिबरण (CRR) | ४.७८% | ४.१८ % |
| शेयर आदान प्रदान अनुपात | १ | ०.७६९९ |
| बजार मूल्य (Average Rate) | ४०९.४७ | २४३.८९ |
| **व्यवसायको बजार अंश (सम्पूर्ण बैंक तथा वित्तीय संस्थाहरूको आधारमा)** | | |
| कर्जा | ३.७९ % | ०.१६ % |
| निक्षेप | ३.६२ % | ०.१८ % |
| खूद नाफा | ४.४५ % | ०.०२ % |

प्राप्त गर्ने तथा लक्षित संस्थाहरूको वित्तीय अवस्था, कर्जा तथा लगानी र कारोबारहरूको मुल्यांकन गरी सम्पत्ति तथा दायित्व मुल्यांकनकर्ताबाट प्राप्त प्रतिवेदनमा उल्लेखित विषयबस्तुहरूमा तत्काल सुधार गरी एक सवल र सक्षम राष्ट्रीय स्तरको वाणिज्य बैंक बनाउन दुबै संस्था पूर्ण प्रतिबद्ध रहेका छन् ।



### (छ) प्राप्त गर्ने तथा लक्षित संस्थाहरूको प्रति शेयर बजार मुल्य :

१८० दिनको औसत

| | एनएमबि बैंक | कञ्चन डेभलपमेन्ट बैंक |
|---|---|---|
| साधारण शेयर | ४०९।०० | २४३।०० |
| संस्थापक शेयर | २०४।०० | ११९।०० |

### (ज) शेयर आदान प्रदान अनुपात (Share Swap Ratio) :

संयूक्त प्राप्ति समितिबाट नियुक्त सम्पत्ति तथा दायित्व मुल्यांकनकर्ताबाट गराइएको सम्पत्ति तथा दायित्वको मुल्यांकन प्रतिवेदन अनुसार दुबै संस्थाहरूको समायोजित खुद सम्पत्ति (Adjusted Networth) को आधारमा शेयर आदान प्रदान अनुपात देहाय बमोजिम देखिन आएको छ ।

(१) सम्पत्ति तथा दायित्वको मुल्यांकनकर्ताबाट सिफारिस भएको प्रतिशेयर आधार खुद सम्पत्ति (Base net-worth per share) :

(रकम रू हजारमा)

| विवरण | एनएमबि बैंक लि. | कञ्चन डेभलपमेन्ट बैंक लि. |
|---|---|---|
| समायोजित खुद सम्पत्ति (Adjusted net-worth) | २०,५२७,७१०.१८ | ७२८,२९१.३९ |
| शेयर संख्या (No. of shares) | ११५,२९७,४२० | ५,३१३,००० |
| प्रतिशेयर आधार खुद सम्पत्ति (Base net-worth per share) | १७८.०४ | १३७.०८ |

(२) उक्त सम्पत्ति तथा दायित्व मुल्यांकनकर्ताको प्रतिवेदनमा सिफारिस भएको शेयर आदान प्रदान अनुपात (Share Swap Ratio) दुबै संस्थाको समायोजित खुद सम्पत्तिको आधारमा तयार गरिएको हुँदा कञ्चन डेभलपमेन्ट बैंकको १०० कित्ता शेयर बराबर एनएमबि बैंकको ७६.९९ कित्ता हुन आएकोमा व्यवसायिक अवसरहरू, व्यवसायको प्रतिष्ठा, कर्मचारीहरूको योग्यता, क्षमता तथा कार्य कुशलता, एनएमबि बैंक लि. को शाखा सञ्जाल कम भएको सुदुर पश्चिम क्षेत्रमा कञ्चन डेभलपमेन्ट बैंक लिमिटेडको बलियो उपस्थिति, मुनाफाको इतिहास, पछिल्लो बजार मुल्य तथा इजाजतपत्रको वर्ग समेतका कुराहरूको आधारमा नेपाल राष्ट्र बैंकको बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने गाभिने (मर्जर) तथा प्राप्ती (एक्विजिशन) सम्बन्धी विनियमावली, २०७३ को विनियम ९ को उपविनियम (क) बमोजिम मुल्यांकनकर्ताले निर्धारण गरेको एनएमबि बैंक लिमिटेडको खुद सम्पत्तिको ९.४२ प्रतिशतले आधार नेटवर्थमा घटाई देहाय बमोजिम समायोजित आधार नेटवर्थ (Revised Base Networth) पुर्नगणना गरिएको छ ।

(रकम रू हजारमा)

| विवरण | एनएमबि बैंक लि. | कञ्चन डेभलपमेन्ट बैंक लि. |
|---|---|---|
| समायोजित खुद सम्पत्ति (Adjusted networth) | २०,५२७,७१०.१८ | ७२८,२९१.३९ |
| डिडिए प्रतिवेदन बमोजिम आधार नेटवर्थ (Base Net Worth) | २०,५२७,७१०.१८ | ७२८,२९१.३९ |
| एनएमबि बैंक लिमिटेडमा समायोजित खुद सम्पत्तिको ९.४२ प्रतिशत घटाई पुर्नगणना गरे पश्चातको समायोजित आधार नेटवर्थ (revised base networth) | १८,५९३,७०८.८० | ७२८,२९१.३९ |
| शेयर संख्या (No. of shares) | ११५,२९७,४२० | ५,३१३,००० |
| प्रतिशेयर समायोजित खुद सम्पत्ति (revised base networth per share) | १६१.२७ | १३७.०८ |
| शेयर आदान प्रदान अनुपात (Revised Swap Ratio) | ८५ | १०० |

(३) माथि (क) र (ख) मा उल्लेख गरे बमोजिम कायम हुन आएको समायोजित आधार नेटवर्थ (Revised Base Networth) को आधारमा कञ्चन डेभलपमेन्ट बैंकका शेयरधनीहरूलाई कञ्चन डेभलपमेन्ट बैंकको प्रत्येक १०० कित्ता शेयर बराबर एनएमबि बैंक लिमिटेडको ८५ कित्ता शेयर प्रदान गर्न गरि शेयर आदान प्रदान अनुपात कायम गरिएको छ ।

## (झ) प्राप्तिका लागि लाग्ने अनुमानित समयावधि :

एनएमबि बैंक लि. ले कञ्चन डेभलपमेन्ट बैंक लि. लाई प्राप्ति गरि एकिकृत कारोबार संचालन गर्न दुबै संस्थाको साधारण सभाबाट स्वीकृत भएको मितिले बढिमा २ महिना समयावधि लाग्ने अनुमान गरिएको छ ।

## (ञ) प्राप्ति पछिको पूँजी संरचना, नियन्त्रणमा परिवर्तन तथा स्वामित्व संरचना :

**(१) प्राप्ति अघिको पूँजी तथा शेयर स्वामित्वको संरचना :**
**पूँजी संरचना**

| पूँजी विवरण | एनएमबि बैंक लिमिटेड | कञ्चन डेभलोपमेन्ट बैंक लिमिटेड |
|---|---|---|
| अधिकृत पुँजी रू. | १६,००,००,००,०००।- | ६०,००,००,०००।०० |
| जारी पुँजी रू. | १३,९५,०९,८७,४६६।९६ | ५८,४४,३०,०००।०० |
| चुक्ता पुँजी रू. | १३,९५,०९,८७,४६६।९६ | ५८,४४,३०,०००।०० |

**शेयर स्वामित्व संरचनाः**

| एनएमबि बैंक लिमिटेड | स्वामित्व प्रतिशत | कञ्चन डेभलपमेन्ट बैंक लिमिटेड | स्वामित्व प्रतिशत | प्राप्ति पछिको स्वामित्व प्रतिशत |
|---|---|---|---|---|
| ७,११,५०,०३,६०८।१५ | ५१ | २९,८०,५९,३००।०० | ५१ | ५१% |
| ६,८३,५९,८३,८५८।८१ | ४९ | २८,६३,७०,७००।०० | ४९ | ४९% |

**(२) प्राप्ति हुँदाको अवस्थामा पूँजी तथा शेयर स्वामित्वको संरचना मिलान (Swap Ratio100: 85)**

| समूह | एनएमबि बैंक लिमिटेड | स्वामित्व प्रतिशत | कञ्चन डेभलोपमेन्ट बैंक लिमिटेड | स्वामित्व प्रतिशत | प्राप्ति पछि बन्ने | स्वामित्व प्रतिशत |
|---|---|---|---|---|---|---|
| संस्थापक | ७,११,५०,०३,६०८।१५ | ५१ | २५,३३,५०,४०५।०० | ५१ | ७,३६,८३,५४,०१३।१५ | ५१% |
| सर्वसाधारण | ६,८३,५९,८३,८५८।८१ | ४९ | २४,३४,१५,०९५।०० | ४९ | ७,०७,९३,९८,९५३।८१ | ४९% |
| जम्मा | १३,९५,०९,८७,४६६।९६ | | ४९,६७,६५,५००।०० | | १४,४४,७७,५२,९६६।९६ | |

**(३) प्राप्ति पछिको बैंकको पूँजी संरचना**

| पुँजी विवरण | एनएमबि बैंक लिमिटेड |
|---|---|
| अधिकृत पुँजी रू. | १६,००,००,००,०००।०० |
| जारी पुँजी रू. | १४,४४,७७,५२,९६६।९६ |
| चुक्ता पुँजी रू. | १४,४४,७७,५२,९६६।९६ |



## (ट) संचालक समिति सम्बन्धी व्यवस्था :

एनएमबि बैंक लि. ले कञ्चन डेभलपमेन्ट बैंक लि. लाई प्राप्ति गरे पश्चात हाल कायम एनएमबि बैंक लि. को संचालक समितिले निरन्तरता पाउनेछ । लक्षित संस्थाको वहालवाला संचालकहरूको पदावधि एकिकृत कारोवारको दिनबाट समाप्त हुनेछ । एनएमबि बैंकमा हाल कार्यरत प्रमुख कार्यकारी अधिकृतले प्राप्ति पश्चात समेत कार्यकारी अधिकृतको रूपमा निरन्तरता प्राप्त गर्नेछन् र एनएमबि बैंकमा हाल कार्यरत प्रमुख कार्यकारी अधिकृतको नेतृत्वमा बैंक व्यवस्थापन समूहले निरन्तरता प्राप्त गर्नेछ ।

## (ठ) संस्थापक समुहको पुनरसंरचना :

प्राप्ति पश्चात एनएमबि बैंकको प्रवन्धपत्र तथा नियमावली बमोजिम संस्थापक समुहमा कुनै समुहिकरण (Grouping) हुनेछैन् । लक्षित संस्थाका संस्थापकहरू एनएमबि बैंकको संस्थापकको रूपमा रहने छन् ।

## (ड) जनशक्ति व्यवस्थापन सम्बन्धी व्यवस्था :

यस सम्बन्धमा प्राप्त गर्ने तथा लक्षित संस्थाहरूका बीच सम्पन्न प्रारम्भिक सहमति बमोजिम मिति २०७६।१०।२७ को संयूक्त प्राप्ति समितिको बैठकबाट भएको निर्णय बमोजिम हुनेछ ।

## (ढ) संस्थाको गुणात्मक सुधार, व्यवसायको प्रवर्द्धन र सुरक्षा, संस्थागत सुशासनको प्रतिबद्धता

प्राप्ति सम्बन्धी कार्य सम्पन्न भएपछि बैंकको मानव श्रोतलाई सवल रूपमा व्यवस्थित तथा परिचालित गरी तथा भौतिक पूर्वाधारको विकास तथा पूर्ण उपयोग गरी देशका वित्तीय पहुँच नपुगेका क्षेत्रहरू पहिचान गरी शाखा सञ्जाल मार्फत वा अन्य विद्युतिय सेवा विस्तार गरी व्यवसायको प्रबर्द्धन गरिनेछ, आधुनिक सूचना प्रविधिको पूर्ण उपयोग गरी व्यवस्थित सूचना प्रणालीको विकास गरी संस्थाको सेवा तथा सुविधामा गुणात्मक सुधार ल्याईनेछ, विभिन्न उत्पादनमुलक तथा पूर्वाधार विकास, कृषि, उर्जा, पर्यटन जस्ता सुरक्षित लगानीका क्षेत्रहरू पहिचान गरी लगानीलाई पूर्ण सुरक्षित गरिनेछ । प्रचलित ऐन, कानून, नीति, नियम र नेपाल राष्ट्र बैंकका निर्देशनहरूको पूर्ण परिपालना गरी संस्थागत सुशासनको मर्म र भावना अनुरूप कार्य गरिने प्रतिवद्धता यस सम्फौताका सबै पक्षहरूले गरेका छौं । प्राप्ति पश्चात राष्ट्रिय स्तरको "क" वर्गको एनएमबि बैंक लिमिटेडको सेवालाई गुणस्तरिय बनाउन, बैंकिङ्ग प्रणालीमा निखरता ल्याउन र बैंकको छवि सङ्लो र उच्च राख्न आजको प्रतिस्पर्धात्मक बैंकिङ्ग बजारमा राष्ट्रिय स्तरको बैंकलाई आवश्यक पर्ने दक्ष व्यवस्थापनको व्यवस्था गरी संस्थागत सुशासनको मर्म र भावना अनुसार कार्य गर्न हामी सबै पक्ष सहमत भएका छौं ।

## (ण) संस्थागत पुनरसंरचना, एक आपसमा शाखा तथा कार्यालयहरूको मिलान तथा संचालन व्यवस्था

प्राप्ति पश्चात बैंकको केन्द्रीय कार्यालय एनएमबि भवन, बबरमहल काठमाडौं (हाल एनएमबि बैंक लि. को केन्द्रीय कार्यालय रहेको भवन) मा रहनेछ । लक्षित संस्थाको केन्द्रीय कार्यालय तथा शाखा कार्यालयहरूलाई प्राप्ति पश्चात प्राप्ति गर्ने संस्थाको संचालक समितिको निर्णय बमोजिम नेपाल राष्ट्र बैंकबाट आवश्यक स्वीकृति लिई मिलान वा स्थानान्तरण गरि संचालन गरिने छ ।

## ४. प्रबन्धपत्रमा संशोधन :

| दफा / उपदफा | साविक व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधनको औचित्य |
|---|---|---|---|
| दफा ६(ख) | बैंकको जारी पूँजी रू.१३,९५,०९,८७,४६६।९६ (अक्षेरेपि तेह्र अरब पन्चानब्बे करोड नौं लाख सतासी हजार चार सय छैसट्ठी र पैसा छयानब्बे मात्र) हुनेछ । सो पूँजीलाई प्रतिशेयर रू.१००।- दरका १३,९५,०९,८७४.६६ (अक्षेरेपि तेह्र करोड पन्चानब्बे लाख नौ हजार आठ सय चौहत्तर दशमलव छैसट्ठी) थान शेयरमा विभाजन गरिएको छ । | बैंकको जारी पूँजी रू. १४,४४,७७,५२,९६६।९६ (अक्षेरेपि चौध अरब चवालीस करोड सतहत्तर लाख बाउन्न हजार नौ सय छैसट्ठी र पैसा छयानब्बे मात्र) हुनेछ । सो पूँजीलाई प्रतिशेयर रू.१००।- दरका १४,४४,७७,५२९.६६ (अक्षेरेपि चौध करोड चवालीस लाख सतहत्तर हजार पाँच सय उनान्तीस दशमलव छैसट्ठी) थान शेयरमा विभाजन गरिएको छ । | एनएमबि बैंक लिमिटेडले कञ्चन डेभलपमेन्ट बैंक लिमिटेडलाई प्राप्ति गरे पश्चात जारी पूँजी बृद्धि हुने भएकाले । |
| दफा ६(ग) | बैंकको जारी चुक्ता रू.१३,९५,०९,८७,४६६।९६ (अक्षेरेपि तेह्र अरब पन्चानब्बे करोड नौं लाख सतासी हजार चार सय छैसट्ठी र पैसा छयानब्बे मात्र) हुनेछ । | बैंकको चुक्ता पूँजी रू. १४,४४,७७,५२,९६६।९६ (अक्षेरेपि चौध अरब चवालीस करोड सतहत्तर लाख बाउन्न हजार नौ सय छैसट्ठी र पैसा छयानब्बे मात्र) हुनेछ । | एनएमबि बैंक लिमिटेडले कञ्चन डेभलपमेन्ट बैंक लिमिटेडलाई प्राप्ति गरे पश्चात चुक्ता पूँजी बृद्धि हुने भएकाले । |



## आदरणीय शेयरधनी महानुभावहरू,

एनएमबि बैंक लि. ले कञ्चन डेभलपमेन्ट बैंक लि. लाई प्राप्ति गर्ने कार्य सम्पन्न भए पश्चात एक सुशासित, सुरक्षित, स्वस्थ, कुशल तथा सक्षम संस्थाको रूपमा बैंकले निक्षेपकर्ता तथा लगानीकर्ताको हितको संरक्षण गर्न सक्षम हुने तथा बैंकको वित्तीय, मानव संशाधन, प्राविधिक एवं अन्य क्षमता अभिवृद्धि भई आधुनिक बैंकिङ्ग सुबिधा अझ प्रभावकारी ढंगले प्रदान गर्न बैंक सक्षम हुने कुरामा बैंकको संचालक समिति तथा व्यवस्थापन पूर्ण विस्वस्त रहेको हुँदा देहाय बमोजिमको विशेष प्रस्तावहरूलाई पारित गरि दिनुहुन हार्दिक अनुरोध छ ।

१. एनएमबि बैंक लिमिटेडले कञ्चन डेभलपमेन्ट बैंक लिमिटेडलाई प्राप्ति गर्ने सम्बन्धमा संचालक समितिको तर्फबाट प्रस्तुत प्रतिवेदन पारित गर्ने तथा एनएमबि बैंक लिमिटेडले कञ्चन डेभलपमेन्ट बैंक लिमिटेडलाई प्राप्ति गर्नका लागि अन्तिम स्वीकृति प्रदान गर्ने,

२. एनएमबि बैंक लि. ले कञ्चन डेभलपमेन्ट बैंक लिमिटेडलाई प्राप्ति गर्ने सम्बन्धमा सम्पत्ति तथा दायित्वको मुल्यांकन गर्नका लागि भएको मुल्यांकनकर्ताको नियूक्ति, मुल्यांकनकर्ताबाट प्राप्त मुल्यांकन प्रतिवेदन, प्राप्ति गर्ने सम्बन्धमा भएको प्रारम्भिक सम्झौता तथा प्राप्ति सम्बन्धी अन्तिम सम्झौतापत्रलाई अनुमोदन गर्ने,

३. एनएमबि बैंक लि. ले कञ्चन डेभलपमेन्ट बैंक लिमिटेडलाई प्राप्ति गर्ने प्रयोजनको लागि मुल्यांकनकर्ता श्री देव एसोसिएट्स, चार्टर्ड एकाउन्टेन्टस्बाट प्राप्त लक्षित संस्थाको सम्पत्ति र दायित्वको मूल्यांकन प्रतिवेदन तथा अन्य सम्वद्ध व्यवस्थाको आधारमा निर्धारण गरिएको शेयर मुल्य अनुपात (Share Swap Ratio) - कञ्चन डेभलपमेन्ट बैंकका शेयरधनीहरूलाई कञ्चन डेभलपमेन्ट बैंक लि. को प्रत्येक १०० कित्ता शेयर बराबर एनएमबि बैंक लि. को ८५ कित्ता शेयर प्रदान गर्ने (१००: ८५) लाई स्वीकृति प्रदान गर्ने,

४. प्राप्तिको कार्य सम्पन्न भए पश्चात प्राप्ति सम्बन्धी सम्झौतापत्रमा उल्लेख भए बमोजिम बैंकको वर्तमान जारी तथा चुक्ता पुँजी बृद्धि हुने हुँदा सोही बमोजिम बैंकको प्रबन्धपत्रको दफा ६(ख) र ६(ग) संशोधन गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने,

५. एनएमबि बैंक लि. ले कञ्चन डेभलपमेन्ट बैंक लिमिटेडलाई प्राप्ति गर्ने सम्बन्धमा भएको अन्तिम सम्झौतापत्रमा नियमनकारी निकायबाट कुनै संशोधनको लागि सुझाव वा निर्देशन प्राप्त भएमा सो बमोजिम संशोधन वा थपघट गर्नका लागि संचालक समितिलाई अख्तियारी प्रदान गर्ने,

६. बैंकको प्रबन्धपत्रमा भएको संशोधनको स्वीकृति लिंदा वा अभिलेख गर्दा गराउंदा केही सामान्य हेरफेर गर्न, संशोधन सम्बन्धी कागजात प्रमाणित गर्न, दाखिला गर्न र अभिलेख गराई लिन तथा यस साधारण सभाको निर्णय कार्यान्वयनका लागि गर्नुपर्ने सर्मपूण कार्यहरू गर्न समेत सञ्चालक समितिलाई अख्तियारी दिने ।

**धन्यवाद ।**

**पवन कुमार गोल्याण**
**अध्यक्ष**

**मितिः २०७७/०३/२१**

NMB BANK
एनएमबि बैंक
समृद्ध नेपालको लागि

**एनएमबि बैंक लिमिटेड, बबरमहल, काठमाडौं, नेपाल**
फोनः ९७७ १ ४२४६१६०, टोल फ्रि नं.: १६६००१२५२५२
फ्याक्सः ९७७ १ ४२४६१५६
वेबः www.nmb.com.np